AuSB/Nepal

# लेखापरीक्षणमान बोर्डको वार्षिक खबरपत्र

आ.व. २०७२/७३ । श्रावण २०७२ - असार २०७३

## चौंथो कार्यकाल समापन

मिति २०६९।०४।३१ गते मा.मन्त्रिस्तरीय बैठकबाट भएको निर्णय बमोजिम अर्थ मन्त्रालयले लेखापरीक्षणमान बोर्डको चौंथो कार्यकालको लागि सदस्यहरु क्रमशः श्री कुमुद त्रिपाठी, एफ.सि.ए., श्री ज्ञानेन्द्र बहादुर भारी, एफ.सि.ए., श्री प्रमोद कुमार स्वर्णकार, एफ.सि.ए. र श्री कमल खरेल, आर.ए. लाई मनोनयन गरी पठाएकोमा उहाँहरुको पदावधि मिति २०७२।०४।३० गतेबाट समाप्त भयो । बोर्ड सदस्यहरुले यस बोर्डको कार्य सम्पादनमा दिनुभएको सक्रिय योगदानलाई उच्च कदर गर्दै बोर्डको अध्यक्षले धन्यवाद ज्ञापन गर्नुभयो ।

## बोर्डमा नयाँ सदस्यहरुको नियुक्ति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सिफारिश अनुसार नेपाल सरकार (मा. मन्त्रिस्तर) को मिति २०७२।०५।०६ गतेको निर्णयानुसार नेपाल चार्टर्ड एकाउन्टेन्ट्स ऐन(संशोधन सहित), २०५३ को दफा १५ घ को उपदफा (२) को खण्ड (घ) को प्रयोजनको लागि चार्टर्ड एकाउन्टेन्ट सदस्यहरु श्री अनुप कुमार श्रेष्ठ, एफ.सि.ए., श्री अच्यूतराज जोशी, एफ.सि.ए., श्री सुजन कुमार काफ्ले, एफ.सि.ए.,र खण्ड (ङ) को प्रयोजनको लागि दर्तावाला लेखापरीक्षक श्री कमल खरेल, आर.ए. सदस्यलाई बोर्डको पाँचौ कार्यकालको लागि मनोनयन गरी पठाइएको छ ।

बोर्डका अन्य सरकारी प्रतिनिधिहरुमा अर्थ मन्त्रालयबाट श्री तेज बहादुर के.सी र महालेखा परीक्षकको कार्यालयको प्रतिनिधिको रुपमा नायव महालेखापरीक्षक श्री ईश्वर प्रसाद न्यौपाने बोर्ड सदस्य रहँदै आउनुभएकोमा सोही कार्यालयको मिति २०७२/०९/०२ को निर्णय अनुसार नायव महालेखापरीक्षक श्री उद्धवचन्द्र श्रेष्ठ बोर्डको सदस्यको रुपमा मनोनयन हुनु भएको छ ।

## बोर्डको पांचौं कार्यकालको समिति तथा उपसमितिहरु

बोर्डको मिति २०७२ भाद्र २९ गते बसेको पांचौ कार्यकालको पहिलो बैठकले निम्न समिति तथा उपसमितिहरु गठन गरेको छ।

### (१) नेपाल लेखापरीक्षणमान, आश्वस्ततामान, परिमार्जन, संशोधन तथा विकास प्राविधिक समिति

यस समितिको मुख्य कार्यहरुमा लेखा व्यवसाय र वित्तीय प्रतिवेदनलाई सुव्यवस्थित र नियमन गर्न अन्तर्राष्ट्रिय लेखापरीक्षणमान समेतको आधार लिई लेखापरीक्षणमानको व्यवस्था गर्ने, नेपाल लेखापरीक्षणमानको संशोधन र परिमार्जन (Revision) गर्नु रहेको छ । लेखापरीक्षणमानको विकास गर्न उपयुक्त विधि तयार गर्ने, लेखापरीक्षणमान सम्बन्धी सामग्रीहरु प्रकाशन गर्ने, लेखापरीक्षणमानको व्याख्या गर्ने र मानहरुको संशोधन, विकास, परिमार्जन र मार्ग निर्देशनहरु (Guidelines) तयार गर्ने रहेको छ ।जसमा निम्न सदस्यहरु रहनु भएको छ :

१.१ श्री अनुप कुमार श्रेष्ठ, एफ.सि.ए - संयोजक
१.२ श्री सुजन कुमार काफ्ले, एफ.सि.ए. - सदस्य
१.३ श्री अच्युत राज जोशी, एफ.सि.ए. - सदस्य
१.४ श्री प्रमुख कार्यकारी अधिकृत - सचिव

### (२) क्षमता विकास तथा अध्ययन अनुसन्धान समिति

यस समितिको प्रमुख कार्यहरुमा नेपाल लेखापरीक्षणमानहरु कार्यान्वयन गर्ने बारेमा लेखापरीक्षकहरुको क्षमता बृद्धि गर्ने, लेखापरीक्षकको काम, कर्तव्य र दायित्व, आचार संहिता, गुणस्तर नियन्त्रण, लेखापरीक्षण प्रतिवेदन र नेपाल लेखापरीक्षणमानहरुको बारेमा तालिम, अन्तक्रिया, सेमिनार, सचेतना कार्यक्रम (Awareness Program) संचालन गर्ने रहेको छ । साथै यस समितिको अन्य कार्य नेपाल लेखापरीक्षणमानहरु कार्यान्वयनको स्थिति अनुसन्धान तथा नेपाल लेखपरीक्षणमानहरु कार्यान्वयनमा आईपरेका समस्याहरुको पहिचान गर्ने र सोको समाधानका लागि उपयुक्त सुझाव दिनु समेत रहेको छ । यस समितिमा निम्न सदस्यहरु रहनु भएको छ :

२.१ श्री सुजन कुमार काफ्ले, एफ.सि.ए. - संयोजक
२.२ श्री उद्धवचन्द्र श्रेष्ठ - सदस्य
२.३ श्री तेज बहादुर के.सी. - सदस्य
२.४ श्री कमल खरेल, आर.ए - सदस्य
२.५ श्री प्रमुख कार्यकारी अधिकृत - सचिव

### (३) रणनीतिक कार्य योजना समिति

३.१ श्री उद्धवचन्द्र श्रेष्ठ - संयोजक
३.२ श्री तेज बहादुर के.सी. - सदस्य
३.३ श्री अनुप कुमार श्रेष्ठ, एफ.सि.ए. - सदस्य
३.४ श्री कमल खरेल, आर.ए - सदस्य
३.५ श्री प्रमुख कार्यकारी अधिकृत - सचिव

**यस समितिका मुख्य कार्यहरु :**

- बोर्डको ३ वर्षे रणनीतिक योजना तयारी गर्ने ।
- रणनीतिक योजना बोर्डबाट स्वीकृत गराई सोही बमोजिम कार्य सम्पादन गर्ने ।

### (४) अनुवाद समिति

४.१ श्री अच्युत राज जोशी, एफ.सि.ए. - संयोजक
४.२ श्री उद्धवचन्द्र श्रेष्ठ - सदस्य
४.३ श्री तेज बहादुर के.सी - सदस्य
४.४ श्री कमल खरेल, आर.ए - सदस्य

४.५ श्री प्रमुख कार्यकारी अधिकृत - सचिव

**यस समितिका मुख्य कार्यहरु :**

- नेपाल लेखापरीक्षणमान तथा आश्वस्ततामानको नेपाली शब्दावली तयार गर्ने ।
- अनुवादकर्ताहरुको छनौट गर्ने ।
- अनुवादकर्तालाई कार्य आदेश दिने ।
- अनुवादकर्ताको अनुवादलाई अध्ययन गरी स्विकृत गर्ने ।
- अनुवाद भएको नेपाल लेखापरीक्षणमान, स्वीकृतिका लागि बोर्डमा पेश गर्ने ।

**(५) लेखापरीक्षण समिति**

५.१ श्री तेज बहादुर के.सी - संयोजक

५.२ श्री अच्युतराज जोशी, एफ.सि.ए. - सदस्य

५.३ श्री प्रमुख कार्यकारी अधिकृत - सचिव

**(६) पदपूर्ति समिति**

६.१ श्री कमल खरेल, आर.ए - संयोजक

६.२ श्री उद्धव चन्द्र श्रेष्ठ - सदस्य

**(७) सम्पादक मण्डल**

७.१ श्री सुनिर कुमार ढुंगेल, एफ.सि.ए. -संयोजक

७.२ श्री अनुप कुमार श्रेष्ठ, एफ.सि.ए. - सदस्य

७.३ श्री उद्धवचन्द्र श्रेष्ठ - सदस्य

७.४ श्री सुजन कुमार काफ्ले, एफ.सि.ए. - सदस्य

७.५ श्री प्रमुख कार्यकारी अधिकृत - सचिव

## बोर्डमा नयाँ प्रमुख कार्यकारी अधिकृत नियुक्त



श्री सुशील कुमार ओझा
प्रमुख कार्यकारी अधिकृत

बोर्डको प्रमुख कार्यकारी अधिकृत पदमा श्री सुशील कुमार ओझा नियुक्त हुनुभएको छ । उहाँलाई यस बोर्ड र लेखामान बोर्डको संयुक्त रुपमा कार्य गर्ने गरी सो पदमा नियुक्त गरिएको हो । उहँको पदावधि २०७२ आश्विन १ गतेदेखि तीन वर्षको हुनेछ ।

## नेपाल लेखापरीक्षणमान, २०१२ प्रकाशन

अन्तर्राष्ट्रिय लेखापरीक्षण तथा आश्वस्ततामान बोर्डबाट जारी भएको सन् २०१२ को पुस्तक अनुसार लेखापरीक्षणमान बोर्डले तयार गरेको नेपाल लेखापरीक्षणमान २०१२ लाई नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको १९७ औ परिषद् बैठकबाट स्वीकृत गरेको छ ।




अन्तर्राष्ट्रिय लेखापरीक्षण तथा आश्वस्ततामान बोर्डको Clarity Project अन्तर्गत सन् २०१२ को पुस्तक अनुसार तयार गरिएका निम्न वमोजिमका नेपाल लेखापरीक्षणमानहरु मिति २०७२ श्रावण १ गते देखि स्वेच्छिक रुपमा र मिति २०७३ श्रावण १ गते देखि अनिवार्य रुपमा लागू गर्ने निर्णय गरेको छ । सो अनुसार बोर्डले Nepal Standards on Auditing 2012पुस्तक प्रकाशन गरेको छ ।

## Nepal Standards on Auditing 2012 को पुस्तकमा संलग्न मानहरुको विवरण निम्नानुसार छन् :

| NSAs No. | | Standards |
|---|---|---|
| 1 | NSQC1 | Nepal Standard on Quality Control (NSQC) 1,Quality Control For Firms that Perform Audits and Reviews of Financial Statements, and other Assurance and Related Services Engagements |
| | | Nepal Framework for Assurance Engagements |
| AUDITS OF HISTORICAL FINANCIAL INFORMATION | | |
| 200-299 GENERAL PRINCIPLES AND RESPONSIBILITIES | | |
| 1 | NSA 200 | Overall Objective of the Independent Auditor and the conduct of an Auditor in Accordance with Nepal Standards on Auditing |
| 2 | NSA 210 | Agreeing the Terms of Audit Engagements |
| 3 | NSA 220 | Quality Control for an Audits of Financial Statements |
| 4 | NSA 230 | Audit Documentation |
| 5 | NSA 240 | The Auditor's Responsibilities Relating to Fraud in an Audit of Financial Statements |
| 6 | NSA 250 | Consideration of Laws and Regulations in an Audit of Financial Statements |
| 7 | NSA 260 | Communication with Those Charged with Governance |
| 8 | NSA 265 | Communicating Deficiencies in Internal Control to Those Charged with Governance and Management |
| 300-499 RISK ASSESSMENT AND RESPONSE TO ASSESSED RISKS | | |
| 9 | NSA 300 | Planning an Audit of Financial Statements |
| 10 | NSA 315 | Identifying and Assessing the Risks of Material Misstatement through Understanding the Entity and Its Environment |
| 11 | NSA 320 | Materiality in Planning and Performing an Audit |
| 12 | NSA 330 | The Auditor's Responses to Assessed Risks |
| 13 | NSA 402 | Audit Considerations Relating to an Entity Using a Service Organization |
| 14 | NSA 450 | Evaluation of Misstatements Identified during the Audit |
| 500-599 AUDIT EVIDENCE | | |
| 15 | NSA 500 | Audit Evidence |
| 16 | NSA 501 | Audit Evidence-Specific Considerations for Selected Items |
| 17 | NSA 505 | External Confirmations |
| 18 | NSA 510 | Initial Audit Engagements—Opening Balances |
| 19 | NSA 520 | Analytical Procedures |
| 20 | NSA 530 | Audit Sampling |
| 21 | NSA 540 | Auditing Accounting Estimates, Including Fair Value Accounting Estimates, and Related Disclosures |
| 22 | NSA 550 | Related Parties |
| 23 | NSA 560 | Subsequent Events |
| 24 | NSA 570 | Going Concern |
| 25 | NSA 580 | Written Representations |
| 600-699 USING THE WORK OF OTHERS | | |
| 26 | NSA 600 | Special considerations-Audit of Group Financial statements (including the work of component Auditors) |
| 27 | NSA 610 | Using the work of Internal Auditors |
| 28 | NSA 620 | Using the work of an Auditors Expert |
| 700-799 AUDIT CONCLUSIONS & REPORTING | | |
| 29 | NSA 700 | Forming an opinion and Reporting on financial statements |
| 30 | NSA 705 | Modifications to the opinion in the Independent Auditors report |
| 31 | NSA 706 | Emphasis of Matter Paragraphs and other Matter Paragraphs in the Independent Auditors Report |

| | | |
|---|---|---|
| 32 | NSA 710 | Comparative information-corresponding Figures and comparative Financial Statements |
| 33 | NSA 720 | The auditor's responsibilities relating to Other information in Documents Containing Audited Financial statements. |
| 800-899 SPECIALIZED AREAS | | |
| 34 | NSA 800 | Special Considerations-Audit of financial statements Prepared in accordance with special Purpose Frame works |
| 35 | NSA 805 | Special Considerations-Audits of Single Financial statements and Specific Elements, Accounts or Items of a Financial statements |
| 36 | NSA 810 | Engagements to Report on Summary of Financial Statements |
| NEPAL AUDITING PRACTICE NOTES | | |
| 37 | NAPN 1000 | Special considerations in Auditing Financial Instruments |
| AUDITS AND REVIEW OF HISTORICAL FINANCIAL INFORMATION | | |
| 2000-2699 NEPAL STANDARDS ON REVIEW ENGAGEMENTS(NSREs) | | |
| 38 | NSRE 2400 | Engagement to Review Financial Statement |
| 39 | NSRE 2410 | Review of Interim Financial Information Performed by the Independent Auditor of the Entity |
| ASSURANCE ENGAGEMENTS OTHER THAN AUDITS OR REVIEWS OF HISTORICAL FINANCIAL INFORMATION | | |
| 3000-3699 NEPAL STANDARDS ON ASSURANCE ENGAGEMENTS(NSAEs) | | |
| 3000-3399 APPLICABLE TO ALL ASSURANCE ENGAGEMENTS | | |
| 40 | NSAE 3000 | Assurance Engagements Other than Audits or Reviews of Historical Financial Information |
| 3400-3699 SUBEJECT SPECIFIC STANDARDS | | |
| 41 | NSAE 3400 | The Examination of Prospective Financial Information |
| 42 | NSAE 3402 | Assurance Reports on Controls at a Service Organization |
| 43 | NSAE 3410 | Assurance Engagements on Greenhouse Gas Statements |
| 44 | NSAE 3420 | Assurance Engagements to Report on the Compilation of Pro Forma Financial Information Included in a Prospectus |
| RELATED SERVICES | | |
| 4000-4699 NEPAL STANDARDS ON RELATED SERVICES(NSRSs) | | |
| 45 | NSRS 4400 | Engagements to Perform Agreed-Upon Procedures Regarding Financial Information |
| 46 | NSRSs 4410 | Compilation Engagements |

## Frequently Asked Questions on Audit Practice and Procedures नामक पुस्तिका प्रकाशन




लेखापरीक्षणमान बोर्डको काम, कर्तव्य, अधिकार र मानहरुको तर्जुमा प्रक्रिया र लेखापरीक्षणमानहरुको बारेमा सर्वसाधारणलाई सचेतना दिने उदेश्यले लेखापरीक्षण सम्बद्ध वारम्वार सोधिने प्रश्नहरु नामक पुस्तिका तयार गर्न परामर्शदाताको सेवा खरिद गरी कार्य अघि बढाइएको थियो । परामर्शदाता सि.ए.नन्द किशोर शर्माले पेश गर्नु भएको उक्त पुस्तिकाको मसौदामा सदस्यहरुले अध्ययन गरी आआफ्नो टिप्पणी सहित अन्तिम रुप दिन निज परामर्शदाता संग छलफल भयो र सो छलफलबाट आएका टिप्पणीहरुलाई समेत समावेश गरी उक्त पुस्तिकाको अन्तिम मसौदा बोर्डबाट स्वीकृत भई प्रकाशन गरिएको छ ।

## लेखापरीक्षण

यस बोर्डको आ.व. २०७१/७२ लेखापरीक्षण गर्नको लागि सि.ए. दीपक शिवाकोटी, डि.एस. एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्त गरिएकोमा निजबाट लेखापरीक्षण गर्ने कार्य सम्पन्न गरी पेश गर्नुभएको लेखापरीक्षण प्रतिवेदन बोर्डबाट स्वीकृत भएको छ भने यस बोर्डको आ.व. २०७२/७३ को लेखापरीक्षण गर्नको लागि सि.ए. सुमन डंगोल, एस.डंगोल एण्ड एशोसियट्स चार्टर्ड एकाउन्टेन्ट्सलाई नियुक्त गरिएको छ ।

## अभिमुखीकरण कार्यक्रमहरु :

### अभिमुखीकरण कार्यक्रम: विराटनगर

लेखामान बोर्ड र लेखापरीक्षणमान बोर्डको संयुक्त आयोजनामा पूर्वाञ्चल क्षेत्रलाई लक्षित गरी मिति २०७२।१०।२५-२६ मा Nepal Financial Reporting Standards/Nepal Standards on Auditing विषयक अभिमुखीकरण कार्यक्रम विराटनगरमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमको समुदघाटन बोर्डका अध्यक्ष श्री नरेन्द्र भट्टराई, एफ.सि.ए.ले गर्नुभएको थियो भने अतिथिहरुमा मोरङ्गका प्रमुख जिल्ला अधिकारी, विराटनगर भन्सार कार्यालयका प्रमुख, आन्तरिक राजस्व कार्यालय, विराटनगरका प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय, मोरङका प्रमुख हुनुहुन्थ्यो । उक्त कार्यक्रमलाई ६ वटा सेसनमा विभाजन गरी सञ्चालन गरिएको थियो ।

उक्त कार्यक्रममा निम्न बमोजिम संचालन गरिएको थियो ।

| Programs | Resource Persons |
|---|---|
| Session I :<br>NAS 1 : Presentation of Financial Statements | CA Shashi Satyal<br>Member, Accounting Standards Board, Nepal |
| Session II :<br>Model Financial Statements as per NFRSs<br>- Statement of Financial Position<br>- Statement of Profit or Loss<br>- Statement of Cash flows<br>- Statement of Changes in Equity<br>- Significant Accounting Policies and Notes | |
| Session IV :<br>NSA 230 : Audit Documentation | CA. Aswani Bansal<br>Coordinator, Institute of Chartered Accountants of Nepal, Branch office, Biratnagar |
| Session V :<br>An Explanation of Audit Process based on Nepal Standards on Auditing (NSA) | RA. Mohan Kumar Subedi<br>Member, Accounting Standards Board, Nepal |
| Session VI :<br>NSA 700: Forming an opinion and reporting on Financial Statements | CA. Aswani Bansal<br>Coordinator, Institute of Chartered Accountants of Nepal, Branch office, Biratnagar |

सो कार्यक्रम सञ्चालन गर्नको लागि लेखामान बोर्डको तर्फबाट अध्यक्ष श्री नरेन्द्र भट्टराई, एफ.सि.ए., श्रोत व्यक्तिको रुपमा श्री शशि सत्याल, एफ.सि.ए., र सचिवालयको तर्फबाट प्रमुख कार्यकारी अधिकृत श्री सुशील कुमार ओझा र सहायक (प्रशासन) श्री सन्तोष भट्टराई जानुभएको थियो। कार्यक्रम सञ्चालनको लागि बोर्डका सदस्य आर.ए. मोहन कुमार सुवेदीको महत्वपूर्ण सहयोग उपलब्ध भएको थियो । उक्त कार्यक्रममा चार्टर्ड एकाउन्टेन्ट्स, दर्तावाला लेखापरीक्षक तथा अन्य गरी कुल ४७ जनाले आफ्नो सहभागिता जनाएका थिए ।

### अभिमुखीकरण कार्यक्रम: पोखरा

लेखामान बोर्ड र लेखापरीक्षणमान बोर्डको संयुक्त आयोजनामा Nepal Financial Reporting Standards र Nepal Standards on Auditing विषयक दुई दिने अभिमूखीकरण कार्यक्रम मिति २०७२ चैत्र १२ र १३ गते होटल गुडविल, लेकसाइड, पोखरामा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमको समुद्घाटन लेखामान बोर्डका अध्यक्ष श्री नरेन्द्र भट्टराई, एफ.सि.ए.ले गर्नुभएको थियो भने अतिथिहरुमा कास्कीका प्रमुख जिल्ला अधिकारी, आन्तरिक राजस्व कार्यालय, पोखराका

प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालय, पोखराका प्रमुख र उद्योग वाणिज्य संघ, पोखराका द्वितीय उपाध्यक्ष हुनुहुन्थ्यो । सो कार्यक्रममा ५ जना श्रोत व्यक्तिहरुले १० सेसनमा आफ्नो प्रस्तुतीकरण मार्फत सहभागिहरुलाई सचेतना गराउनु भएको थियो । ८७ जनाले सहभागिता जनाउनु भएको उक्त कार्यक्रमको अन्त्यमा लेखारीक्षणमान बोर्डका अध्यक्ष श्री सुनिर कुमार ढुङ्गेल, एफ.सि.ए.ले सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो । दुई दिने उक्त कार्यक्रमको व्यवस्थापन बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री सुशील कुमार ओझा र लेखापरीक्षणमान बोर्डमा प्रशासकिय अधिकृत श्री सुनिल घिमिरेले गर्नुभएको थियो ।

उक्त कार्यक्रममा निम्न बमोजिम संचालन गरिएको थियो ।

| Programs | Resource person |
|---|---|
| Session I :<br>NAS 1 : Presentation of Financial Statements | CA. Shashi Satyal,<br>Member, ASB |
| Session II :<br>Model Financial Statements as per NFRSs<br>- Statement of Financial Position<br>- Statement of Profit or Loss<br>- Statement of Cash flows<br>- Statement of Changes in Equity<br>- Significant Accounting Policies and Notes | |
| Session III :<br>NSA 230 : Audit Documentation | CA. Sujan Kumar Kafle<br>Member, AuSB |
| Session IV :<br>NSA 700: Forming an opinion and reporting on Financial Statements | |
| Session V :<br>Tax Audit | Mr. Lekhnath Sharma<br>Chief Tax Officer,IRD,Pokhara |
| Session VI :<br>Presentation on NSA~ GAP Analysis<br>(NSA 2007 and NSA 2012) | CA. Sunir Kumar Dhungel<br>Chairman, AuSB |
| Session VII :<br>Peer Review - Overview and Process | |
| Session VIII :<br>NPSAS - Overview and Implementation in Nepal Government Accounting. | |
| Session IX :<br>Practical Cases in Income Tax<br>• Tax Deduction at Source (Including Employment Tax) | CA. Mukunda Dev Adhikari<br>Member, ASB |
| Session X :<br>Practical Cases in Income Tax<br>• Business Taxation (Including VAT Practices) | |

## अभिमुखीकरण कार्यक्रमः रुपन्देही

लेखामान बोर्ड र लेखापरीक्षणमान बोर्डको संयुक्त आयोजनामा Nepal Financial Reporting Standardsर Nepal Standards on Auditing विषयक दुई दिने अभिमूखीकरण कार्यक्रम मिति २०७२ जेष्ठ २८ र २९ गते ड्रिमल्याण्ड गोल्ड रिसोर्ट, मणिग्राम,रुपन्देहीमा सञ्चालन गरिएको थियो । सो कार्यक्रममा ५ जना श्रोत व्यक्तिहरुले ८ सेसनमा आफ्नो प्रस्तुतीकरण मार्फत सहभागिहरुलाई सचेतना गराउनु भएको थियो । कुल ७४ जनाले सहभागिता जनाउनु भएको उक्त कार्यक्रमको अन्त्यमा लेखारीक्षणमान बोर्डका अध्यक्ष श्री सुनिर कुमार ढुङ्गेल, एफ.सि.ए.ले सहभागीहरुलाई प्रमाणपत्र वितरण गर्नुभएको थियो। दुई दिने उक्त कार्यक्रमको व्यवस्थापन दुबै बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री सुशील कुमार ओझा र लेखामान बोर्डमा सहायक श्री कर्णराज पाल्पालीले गर्नुभएको थियो ।

उक्त कार्यक्रममा निम्न बमोजिम संचालन गरिएको थियो ।

| Program | Resource person |
|---|---|
| Technical Session I:<br>- Brief Introduction on NFRSs and NFRSs for SMEs &<br>- NAS 1: Presentation of Financial Statements | CA Shashi Satyal,<br>Member, ASB |
| Technical Session II :<br>Model Financial Statements as per NFRSs<br>- Statement of Financial Position<br>- Statement of Profit or Loss<br>- Statement of Cash flows<br>- Statement of Changes in Equity<br>- Significant Accounting Policies and Notes | CA Shashi Satyal,<br>Member, ASB |
| Technical Session III:<br>NAS 2: Inventories | CA. Narendra Bhattarai<br>Chairman, ASB |
| Technical Session IV:<br>NAS 16 : Property, Plant and Equipment | CA. Narendra Bhattarai<br>Chairman, ASB |
| Technical Session V:<br>Presentation on NSA~ GAP Analysis (NSA 2007 and NSA 2012) | CA. Sunir K. Dhungel<br>Chairman, AuSB |
| Technical Session VI:<br>NSA 230 : Audit Documentation | CA. Achyut Raj Joshi<br>Member, AuSB |
| Technical Session VII :<br>NSA 700: Forming an opinion and reporting on Financial Statements | CA. Achyut Raj Joshi<br>Member, AuSB |
| Technical Session VIII :<br>Tax Audit | Chief Tax Officer,<br>IRD, Bhairahawa/Butwal |

## विदाई तथा स्वागत कार्यक्रम २०७३



दाँयाबाट पूर्व अध्यक्ष श्री प्रभुराम भण्डारी, एफ.सि.ए, पूर्व अध्यक्ष श्री भानु कँडेल, एफ.सि.ए, वर्तमान अध्यक्ष श्री सुनिर कुमार ढुङ्गेल, एफ.सि.ए, पूर्व अध्यक्ष श्री नन्द किशोर शर्मा, एफ.सि.ए र ICAN का कार्यकारी निर्देशक श्री विनय प्रकाश श्रेष्ठ, एफ.सि.ए

बोर्डको चौथो तथा पाँचौ कार्यकालका पदाधिकारीहरुको विदाई तथा स्वागत कार्यक्रम मिति २०७३ जेष्ठ ७ गते ललितपुरको ग्रीनवीच होटलमा सम्पन्न भयो । सो विदाइ कार्यक्रममा सहभागी महानुभावहरुमा बोर्डका पूर्व अध्यक्षहरु, लेखामान बोर्डका अध्यक्ष, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका सभापति, उपसभापति र कार्यकारी निर्देशक, बोर्डका चौथो र पाँचौ कार्यकालका पदाधिकारीहरु सबै, बोर्डका लेखापरीक्षकहरु सिए दिपक सिवाकोटी र सिए सुमन डंगोल, बोर्डको पूर्व प्रमुख कार्यकारी अधिकृत र दुवै बोर्ड (लेखापरीक्षणमान तथा लेखामान) का कर्मचारीहरु रहेका थिए । सो कार्यक्रममा स्वागत तथा सम्मान गर्ने क्रममा बोर्डका पूर्व अध्यक्षहरु सि.ए कौशेलेन्द्र कुमार सिंह, सि.ए. प्रभुराम भण्डारी, सि.ए. नन्द किशोर शर्मा, सिए. भानु कँडेल र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका कार्यकारी निर्देशकलाई Nepal Standards on Auditing 2012 र Frequently Asked Questions on Audit Practices

and Procedures पुस्तक १/१ प्रति प्रदान गरियो भने बोर्डका चौथो कार्यकालका बोर्ड सदस्यहरु श्री तेज बहादुर के.सी. , सिए. कुमुद त्रिपाठी, सिए. ज्ञानेन्द्र बहादुर भारी, सिए. प्रमोद कुमार स्वर्णकार, आर.ए. कमल खरेल र बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री लोकमान मास्केलाई प्रशंसा पत्र, Nepal Standards on Auditing 2012 र Frequently Asked Questions on Audit Practices and Procedures पुस्तक १/१ प्रति प्रदान गरिएको थियो ।

उक्त कार्यक्रममा बोर्डका पूर्व अध्यक्षहरुले बोर्डको कार्य प्रगतिको प्रशंषा गर्नुको साथै बोर्डले अझ सशक्त रुपमा आफ्नो गतिविधिहरु अगाडि बढाउनु पर्ने कुरामा जोड दिनुभएको थियो भने बोर्डका अध्यक्ष श्री सुनिर कुमार ढुंगेलले बोर्डले गरेका कार्यहरु र भावी कार्यक्रम तथा रणनीतिहरुको वारेमा जानकारी दिनुभएको थियो ।



कार्यक्रममा आमन्त्रित महानुभावहरुको एक झलक

### पाठ्यक्रममा समावेश गरिदिने सम्बन्धमा

लेखामान बोर्ड र लेखापरीक्षणमान बोर्डले तयार गरेको Nepal Financial Reporting Standards (NFRSs) र Nepal Standards on Auditing(NSA) लाई विश्वविद्यालयहरुको पाठ्यक्रममा समावेश गर्ने उद्देश्यले मिति २०७२।१०।२६ गते लेखामान बोर्डका अध्यक्ष श्री नरेन्द्र भट्टराई, एफ.सि.ए.,



बोर्ड र पूर्वाञ्चल विश्वविद्यालयका पदाधिकारीहरु

लेखामान बोर्ड सदस्य श्री मोहन कुमार सुवेदी, आर.ए., दुवै बोर्डका(लेखामान र लेखापरीक्षणमान) प्रमुख कार्यकारी अधिकृत श्री सुशील कुमार ओझा, नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था विराटनगर शाखाका संयोजक श्री अश्विनी बन्सल, एफ.सि.ए. र पूर्वाञ्चल विश्वविद्यालयका उपकुलपति लगायतका अन्य विशिष्ट पदाधिकारीहरु बीच छलफल भएको थियो । सो छलफलमा बोर्ड र उक्त विश्वविद्यालय बीच पाठ्यक्रम परिमार्जन गरी मानहरुलाई विश्वविद्यालयहरुको पाठ्यक्रममा लाई पाठ्यक्रममा समावेश गर्न अनौपचारिक रुपमा सहमति पनि भएकोले त्यसलाई औपचारिकता दिन दुवै बोर्डबाट उक्त विश्वविद्यालयलाई पत्राचार गरियो र सो पत्र साँथ बोर्डका प्रकाशनहरु १।१ प्रति उक्त विश्वविद्यालयलाई उपलब्ध गराईयो ।अन्य विश्वविद्यालयहरुसँग पनि लेखापरीक्षणमानहरुलाई पाठ्यक्रममा समावेश गर्नको लागि संवाद तथा छलफल अगाडि बढाईएको छ ।

साथै लोकसेवा आयोगले सञ्चालन गर्ने परीक्षाहरुको पाठ्यक्रममा पनि समावेश गरिदिन उक्त आयोगलाई बोर्डको प्रकाशनको १।१ प्रति समेत उपलब्ध गराई पत्राचार गरिएको छ ।

## Auditing Standards Board

Auditing Standards Board (AuSB) has been constituted by the Government of Nepal on 26 Falgun 2059 corresponding to 10 March, 2003 under Nepal Chartered Accountants Act, 1997 (first amendment 2002). The AuSB consists of 7 members comprising a Chairman appointed by the Government of Nepal from Fellow Chartered Accountants and other members are representative of Ministry of Finance(MoF), representative of Office of the Auditor General(OAG), Three Chartered Accountants and One Registered Auditor nominated by the Government of Nepal on the recommendation of Institute of Chartered Accountants of Nepal(ICAN).The board has full discretion in developing and pursuing the technical agenda for setting Auditing Standards.

The main function of AuSB is to review existing practices in Nepal and to develop Nepal Standards on Auditing (NSAs) so that these may be issued and regulated by ICAN. The NSAs are issued under the authority of the Chartered Accountants Act, 1997 (first amendment 2002)

The AuSB, till the date, has formulated Nepal Standards on Quality Control (NSQC 1), 46 Nepal Standards on Auditing as well as 3 guidance notes, 1 practice statements and Nepal Framework for Assurance Engagements. Rest of the NSAs is in the process of revision.

CA. Sunir Kumar Dhungel has been nominated as the chairman of the AuSB for the Period of three year on 2071.03.10.

The brief introduction of the chairman and members are as follows:



**CA. Sunir Kumar Dhungel**
**Chairman**

**Date of Birth:** 12 October 1971
**Academic Qualification:** Master in Business Administration from Tribhuvan University, Nepal in 1995.
**Professional Qualification:** Chartered Accountancy from the Institute of Chartered Accountants, India (ICAI) in 1998.

**Professional Experience:** He is the Past President (2010-2011) and Fellow Member of ICAN. He was also the Executive Member of the Association of Chartered Accountants of Nepal (ACAN) for the year

2000-01 and Treasurer for the year 2004-05. He is the Faculty for Master in Business Administration (MBA) Programme, Tribhuwan University since 2012.He has over 15 years of experience in consulting, assurance and tax advisory services in various government agencies, private sector companies and donor funded projects executed by the international agencies, government agencies, international and local non-governmental organizations. He is the partner of the firm LDSA Associates, Chartered Accountants.



### Mr. Tej Bahadur K.C
### Member- Representative, Ministry of Finance (MoF)

**Date of Birth:** 26 April, 1959

**Academic Qualification:** Master in Public Administration from Tribhuvan University, Nepal.

**Professional Experience:** Involvement in Financial Management Sector of Government of Nepal during the past 19 years.



### Mr. Uddhav Chandra Shrestha
### Member-Representative, Office of Auditor General (OAG)

**Date of Birth:** 6 July 1961

**Academic Qualification:** Master in Business Administration from Tribhuvan University, Nepal .

**Professional Experience:** He has been working at the Office of the Auditor General, Nepal since 1987 and has been involved with audit planning, execution and reporting in different audit divisions including Performance Audit Division, Local Development, Tourism, Civil Aviation, Irrigation and Energy, Finance and Customs, Land Reform, Industry and Commerce, Labour, Education, and Health and Population Ministry Audit Division in the Office of the Auditor General in the position of different capacities. He was also involved in audit of Nationally execucuted projects under the UN agency in Neapl.



### CA. Anup Kumar Shrestha
### Member

**Date of Birth:** 10 March 1957

**AcademicQualification:** Bachelor in Commerce from Tribhuvan University

**Professional Experience:** He is the founder and managing partner of BRS Neupane & Co. He has over 28 years of experience in assisting clients in a wide range of assignments in the areas of Accounting, Auditing, Due Diligence, Special Financial Review, Capital Markets, Financial Management, Restructuring, Management and Strategic Consulting, Taxation and Regulatory Compliance.

He has been a member of the Accounting Standard Board (ASB) and council member of The Institute of Chartered Accountants of Nepal (ICAN)in the past and also was a member of different Committees of ASB and ICAN.



### CA. Achyut Raj Joshi
### Member

**Date of Birth:** 23 November 1972

**Academic Qualification:** Bachelors in BusinessAdministration from Tribhuvan University, Nepal

**Professional Qualification:** Chartered Accountancy from The Institute of Chartered Accountants, India (ICAI) in 2001.

**Professional Experience:** He is the Past Council Member (2012-2015) and Fellow Member of ICAN. He was also the Executive Member of the Association of Chartered Accountants of Nepal (ACAN) for the year 2005-06, Treasurer for the year 2007-08 and General Secretary for the year 2009-10. He is also Fellow Member of ICA India and Associate Member of CPA Australia. He worked in financial management, regulation & supervision departments in Nepal Rastra Bank. He also worked as Chief Financial Officer in Smart Telecom Pvt. Ltd. He is currently holding the position of Director Corporate Affairs in Kathmandu Medical College Ltd. and board member in Nirdhan Utthan Bank Ltd. He has wide range of experience of working with banking, telecom, manufacturing and health sector.



### CA. Sujan Kumar Kafle
### Member

**Date of Birth:** 3 July, 1973

**Academic Qualification:** Bachelor Degree in Commerce

**Professional Qualification:** Chartered Accountancy from The Institute of Chartered Accountants, India (ICAI) in 2003.

**Professional Experience:** Mr. Kafle is a Fellow Chartered Accountant Member of Institute of Chartered Accountants of Nepal (ICAN). He has over 11 years of post qualification experience in the area of Accounts, Finance and Taxation. He had served as Council Member of Institute of Chartered Accountants of Nepal (ICAN) in 2009-12. He has worked as a Tax Consultant at Large Taxpayer Office of the Department of Inland Revenue, Government of Nepal. He has experience of a position of Deputy Director of ICAN.



### RA. Kamal Kharel
### Member

**Date of Birth:** 20 February, 1949

**Academic Qualification:** Graduate Degree in Commerce

**Professional Experience:** He has more than 27 years of experience in Banking service especially in Finance/Accountants and Auditing. He was also the Board of Directors and Chairman of Audit committee of Rastriya Banijya Bank.

## लेखामान बोर्ड र लेखापरीक्षणमान बोर्डले २०७२ माघ २५ र २६ गते विराटनगरमा सञ्चालन गरेको अभिमुखीकरण कार्यक्रमका केही झलकहरु:




कार्यक्रमको ब्यानर



कार्यक्रमका सहभागिहरु



कार्यक्रममका प्रमुख अतिथि अध्यक्ष श्री नरेन्द्र भट्टराई, एफ.सि.ए. तथा अन्य अतिथिहरु मोरङ्गका प्रमुख जिल्ला अधिकारी, विराटनगर भन्सार कार्यालयका प्रमुख, आन्तरिक राजस्व कार्यालय, विराटनगरका प्रमुख, कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख र कार्यक्रम सञ्चालक प्रमुख कार्यकारी अधिकृत श्री सुशील कुमार ओझा

## लेखामान बोर्ड र लेखापरीक्षणमान बोर्डले २०७२ चैत्र १२ र १३ गते पोखरामा सञ्चालन गरेको अभिमुखीकरण कार्यक्रमका केही झलकहरु:



कार्यक्रमका प्रमुख अतिथि, श्री नरेन्द्र भट्टराई, एफ.सि.ए. र अन्य अतिथिहरु




कार्यक्रमका प्रमुख अतिथि र अन्य अतिथिहरु



कार्यक्रमको श्रोत व्यक्ति : श्री सुनिर कुमार ढुङ्गेल, एफ.सि.ए., अध्यक्ष, लेखापरीक्षणमान बोर्ड



कार्यक्रमका सहभागीहरु



लेखामान बोर्डका अध्यक्ष तथा कार्यक्रमका श्रोत व्यक्ति श्री नरेन्द्र भट्टराई, एफ.सि.ए



कर लेखापरीक्षणको सेसन संचालन गर्नुहुदै कास्कीका प्रमुख कर अधिकृत



कार्यक्रम समापन समारोहको एक झलक

**लेखामान बोर्ड र लेखापरीक्षणमान बोर्डले २०७२ जेष्ठ २८ र २९ गते रुपन्देहीमा सञ्चालन गरेको अभिमुखीकरण कार्यक्रमका केही झलकहरु:**



बोर्डका प्रमुख कार्यकारी अधिकृत श्री सुशील कुमार ओझा कार्यक्रम संचालन गर्नुहुदै



कार्यक्रममा सहभागीहरु

<u>सम्पर्क:</u>




## लेखापरीक्षणमान बोर्ड :

अध्यक्ष - श्री सुनिर कुमार ढुङ्गेल, एफ.सि.ए.
सदस्य - श्री तेज बहादुर के.सी., प्रतिनिधि, अर्थ मन्त्रालय
सदस्य - श्री उद्धव चन्द्र श्रेष्ठ, प्रतिनिधि, म.ले.प. कार्यालय
सदस्य - श्री अनुप कुमार श्रेष्ठ, एफ.सि.ए.
सदस्य - श्री अच्युत राज जोशी, एफ.सि.ए.
सदस्य - श्री सुजन कुमार काफ्ले, एफ.सि.ए.
सदस्य - श्री कमल खरेल, आर.ए

## सचिवालय :

प्रमुख कार्यकारी अधिकृत श्री सुशील कुमार ओझा
प्रशासकिय अधिकृत श्री सुनिल घिमिरे
लेखापाल श्री रुपेश काफ्ले

**प्रकाशक :** **लेखापरीक्षणमान बोर्ड**
पो.ब.नं. २४८६२, सातदोबाटो, ललितपुर, नेपाल, फोन : ५५३९४३७, ५५२३३१४, फ्याक्स : ५५२३३१४
इमेल : *ausb@standards.org.np*, वेभसाइट :*www.ausb.org.np*